फोन नं. ०१०-५४१०८८

गोसाईकुण्ड गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
स्याफ्रुबेंशी, रसुवा
बागमती प्रदेश, नेपाल

प.सं. २०७८/०७९
च.नं. १३३(आ.प्र)

मितिः २०७८/१०/२३

सेवा प्रवाह नियमित हुने सम्बन्धी सूचना ।

उपरोक्त सम्बन्धमा यस गाउँ कार्यपालिकाको कार्यालयको प.सं.२०७८/०७९, च.नं. ३६६, मिति २०७८/१०/११ को सूचना अनुसार विश्वव्यापी रुपमा तीब्र गतिमा फैलिरहेको नयाँ भेरिएन्टसहितको कोभिड-१९ को संक्रमण यस गाउँ कार्यपालिकाको कार्यालयका जिम्मेवारी कर्मचारीहरुमा पनि देखिएकोले यस गाउँ कार्यपालिकाको कार्यालय र वडा माताहतका वडा कार्यालयबाट प्रवाह हुने सेवाहरु मध्ये विपद व्यवस्थापन र स्वास्थ्य सेवा बाहेकका अन्य सेवाहरु अर्को सूचना नभएसम्मको लागि स्थगन गरिएकोमा हाल संक्रमण दरमा कमी देखिएको, संक्रमित कर्मचारी स्वस्थ भई सेवामा फर्किसकेको र सेवा प्रवाहको स्थगनले सेवाग्राहीलाई पर्न गएको असरलाई मध्यनजर गर्दै स्वास्थ्य सुरक्षाको पूर्ण मापदण्ड र तपशिल १ बमोजिमको शर्तहरु अपनाई मिति २०७८/१०/२४ गते देखि सम्पूर्ण सेवा प्रवाह नियमित हुने साथै तपशिल २ बमोजिम तोकिएको मितिमा विभिन्न वडाहरुको सेवा प्रवाह गरिने व्यहोरा पनि सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

दुतेन्द्र वाम्लिङ
प्रमुख प्रशासकीय अधिकृत

तपशिल १: सेवाग्राहीले अनिवार्यरुपले पालना गर्नु पर्ने शर्तहरुः

- सेवाग्राहीले सेवा लिन आउँदा सुरक्षित तरिकाले अनिवार्य रुपमा मास्क लगाएको हुनुपर्नेछ ।
- कार्यालय परिसरमा प्रवेश गर्नु पूर्व तोकिएको स्थानमा साबुन पानीले हात धुनु पर्ने वा सेनिटाइजर प्रयोग गर्नु पर्नेछ ।
- सेवा लिन आउने सेवाग्राहीहरुले उल्लेखित बाहेकका कोभिड-१९ रोकथाम तथा नियन्त्रण सम्बन्धी नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले निर्धारण गरेका अथवा जन स्वास्थ्यसम्बन्धी मापदण्ड अनिवार्य रुपमा पालना गर्नु पर्नेछ ।
- रुघाखोकी, ज्वरो तथा शरिर दुख्ने जस्ता कोभिड-१९ का लक्षण देखिएका सेवाग्राही लक्षण देखिएको समयमा सेवा लिन नआईदिनु हुन अनुरोध गरिन्छ ।

क्रमशः

गोसाईकुण्ड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
स्याफ्रुबेशी, रसुवा
बागमती प्रदेश, नेपाल

तपशिल २:

(क) चालु आ.व. २०७८/०७९ को गोसाईकुण्ड गाउँपालिकाको विभिन्न वडाहरुमा सञ्चालित आयोजना/ कार्यक्रमहरुको सम्झौता, नापी र कार्य सम्पन्न प्रतिवेदन बनाउने प्रयोजनको लागि वडामा प्राविधिक कर्मचारीहरु जाने समय तालिकाः

| बार | प्राविधिक कर्मचारी नापी लिन जाने वडाहरु | बिल बन्ने वडाहरु |
|---|---|---|
| आइतबार | वडा नं. १,३ र ४ | |
| सोमबार | | सवै वडाहरु |
| मंगलबार | वडा नं. ६ | |
| बुधवार | | सवै वडाहरु |
| विहिवार | वडा नं. २ र ५ | |
| शुक्रवार | | सवै वडाहरु |

(ख) प्राविधिकहरु फिल्डमा जाने दिन आइतवार, मंगलवार र विहिवार बाहेक कार्यालय खुल्ने सबै दिन सबै वडाको लागि सम्झौता गरिनेछ ।